# बैठक नं. ५०

आज मिति २०७६ साउन १२ गते आइतबार दिउँसो ३ बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री रमेश महर्जनज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, वडा नं. २ स्थित नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो ।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री रमेश महर्जन | |
| २ | सदस्य, उपप्रमुख | श्री सरस्वती रिजाल (खड्का) | |
| ३ | सचिव | श्री ध्रुवराज आचार्य | |
| ४ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हर्ष महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा न. २ | श्री रमेशमान डंगोल | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री राजेन्द्र महर्जन | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री राजेन्द्र बानीयाँ | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ९ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री न्हुच्छे बहादुर महर्जन | |
| १० | सदस्य, अध्यक्ष वडा न. ७ | श्री राजकुमार माली | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ८ | श्री विनोद महर्जन | |
| १२ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री गंगाराम महर्जन | |
| १३ | सदस्य, अध्यक्ष वडा न. १० | श्री अमन महर्जन | |
| १४ | सदस्य | श्री नन्ददेवी महर्जन | |
| १५ | सदस्य | श्री राजु मिजार | |
| १६ | सदस्य | श्री राजेन्द्र तोलाङ्गे | |
| १७ | सदस्य | श्री सरस्वती परियार | |
| १८ | सदस्य | श्री सानु मिजार | |
| १९ | सदस्य | श्री सुनीता नकर्मी | |
| २० | सदस्य | श्री सुमन पोखरेल | |
| २१ | सदस्य | श्री संगिता श्रेष्ठ (उप्रेती) | |
| २२ | आमन्त्रित, ब.ले.अ. | श्री सानुबाबु परियार | |
| २३ | आमन्त्रित, आ.टी.अ. | श्री परशुराम चौलागाईं | |

## <u>निर्णय नं.</u>१

कीर्तिपुर नगरपालिकाको पाचौं नगरसभाको निर्णय नं.२६ अनुसार यस कीर्तिपुर नगरपालिकाको सीमाना क्षेत्रको भूगोल र सीमानामा केही अन्यौल र अस्पष्टता देखिएकोले सो सम्बन्धी प्रकृयागत कार्यान्वयन एवं व्यवस्थापनका लागि नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गरिएको हुँदा सो गर्नका लागि स्थलगत निरीक्षण तथा अध्ययन गरी सिफारिस गर्नका लागि दुबै नगरपालिकाका पदाधिकारी समेत रहने गरी **कीर्तिपुर नगरपालिका र चन्द्रागिरि नगरपालिकाको सीमानाको अध्ययन गर्न गठीत** कार्यदलमा यस नगरपालिकाको तर्फबाट निम्नानुसारको प्रतिनिधित्व गराउने निर्णय गरियो ।

क) कीर्तिपुर नगरपालिका, नगर उप-प्रमुख
ख) कीर्तिपुर नगरपालिका, वडा नं. ४ अध्यक्ष श्री राजेन्द्र बाँनिया
ग) ई. सुरज ओझा, कीर्तिपुर नगरपालिका

## <u>निर्णय नं.</u>२

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १३ अन्तर्गत स्थानीय तहले आफ्नो क्षेत्रभित्रको निर्माणकार्य तथा अन्य सेवाको प्रयोजनका लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्युनतम दररेट तोक्नुपर्ने व्यवस्था भएकोमा चालु आ.व. २०७६/०७७ को लागि काठमाडौं जिल्लाको जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको न्यूनतम दररेटलाई नै आधारमा कीर्तिपुर नगरपालिकाको हकमा समेत कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

## <u>निर्णय नं.</u>३

कीर्तिपुर नगरपालिकाको काम कारबाहीलाई सरल, सहज र प्रभावकारी बनाउनका लागि विधेयक समितिमार्फत तयार भई पेश हुन आएका देहाय बमोजिमका कार्यविधि, मापदण्ड तथा निर्देशिकाहरु उपर वृहत छलफल गरी स्वीकृत गर्ने निर्णय गरियोः-

(क) कीर्तिपुर नगरपालिकाको विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०७६
(ख) कीर्तिपुर नगरपालिकामा करारमा प्राविधिक तथा परियोजनामा कर्मचारी र सामाजिक परिचालक व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६